आज मिति २०८१ साल असोज २२ गते मंगलबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८१/०८२ को चौथो कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री सुधिर साफी - सचिव -

आमन्त्रित :

श्री जनार्दन प्रसाद मेहता - सूचना प्रविधि अधिकृत -

श्री विन्देश्वर यादव - लेखापाल -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. शुभकामना आदान प्रदान सम्बन्धमा ।
३. डिजिटल प्रोफाइल सम्बन्धमा ।
४. धार्मिक तथा सांस्कृतिक कार्यक्रमको लागि आर्थिक सहयोग सम्बन्धमा ।
५. योजना भुक्तानी सम्बन्धमा ।
६. रङ्गरोगन सम्बन्धमा ।
७. डि.पि.आर. सम्बन्धमा ।
८. कार्यक्रम आर्थिक सहयोग सम्बन्धमा ।
९. कर्मचारी उपचार खर्च सम्बन्धमा ।
१०. आर्थिक सहयोग सम्बन्धमा ।
११. इन्धन सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०६/१० गते बसेको आ.व. २०८०/०८१ को तेश्रो कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा हिन्दुहरुको महान चाड विजया दशमी, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण देवानगञ्ज बासी, देश विदेशमा रहनु भएका आमा-बुवा, दाजु-भाई, दिदि-बहिनी सम्पूर्णमा यस देवानगञ्ज गाउँपालिकाको सातै वटा वडाले आ-आफ्नै वडामा वडा स्तरीय रु.७०,०००/- (अक्षरेपी सत्तरी हजार रुपैया मात्र) सम्मको चियापन कार्यक्रम गरी शुभकामना आदान प्रदान गर्ने र देवानगञ्ज गाउँपालिकाको पुजिगत समपुरक खर्च शिर्षकबाट विल भरपाई अनुसार भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा श्री साउथ एशियन टुरिजम एडभाजर्स एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि. सानेपा, ललितपुरले डाटा संकलन कार्य समयमा

सम्पन्न गर्न नसकेको कारण म्याद थपको लागि निवेदन पेश गरेको हुँदा उक्त कार्यको म्याद २०८१ साल कार्तिक मसान्त सम्मको थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका भित्र रहेका सम्पूर्ण दुर्गा मन्दिर र काली मन्दिरलाई विजय दशमी र तिहारमा हुने पुजापाठको लागि आर्थिक सहयोग बापत रकम रु. ५०,०००/-(अक्षरेपी पचास हजार रुपैया मात्र) दिने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व.२०८०/०८१ मा सम्पन्न भई छुट भएको योजना **रमेश यादवको घर देखि पुर्व लालदेव यादवको घर हुँदै पुर्व कजरा धार सम्म ग्राभेल गर्ने कार्य** देवानगञ्ज गा.पा.को पुजिगत समपुरक खर्च शिर्षकबाट रकम रु.२,९६,४८२/- (अक्षरेपी दुई लाख छियानब्बे हजार चार सय बयासी रुपैया मात्र) भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा काली मन्दिर, देवानगञ्ज-२, बजारमा रहेको मन्दिरमा रंङ्गरोगन कार्य गर्नु पर्ने भएको हुँदा प्राविधिक मूल्यांकनको आधारमा रु. २,२५,०००/- (अक्षरेपी दुई लाख पच्चिस हजार) सम्म देवानगञ्ज गा.पा.को पुजिगत समपुरक खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको सातै वडामा बोरिङ तथा मोटर ~~खरिद वितरण कार्य~~को लागि डि.पि.आर. तयार भई सम्पन्न भएको हुँदा सो रकम देवानगञ्ज गा.पा.को पुजिगत समपुरक खर्च शिर्षकबाट रु. ४,६३,३००/- (अक्षरेपी चार लाख त्रिसठ्ठी हजार तीन सय रुपया मात्र) श्री माँ योगिनी इन्जिनियरिङ, हनुमाननगर, कंकालिनी नगरपालिका-६, सप्तरीलाई भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा कुशवाह जातिहरुको धर्म, सस्कृतिको संरक्षण तथा जगेर्ना एवम् समाजका युवावर्गहरुलाई सरकारी सेवा प्रवेश सम्बन्धमा थप उर्जा र उत्प्रेरणा प्रदान गर्न कुशवाह राष्ट्रसेवक समाज, विराटनगरले सम्मान, स्वागत तथा शुभकामना आदान प्रदान कार्यक्रम कन्चनजङ्गा पार्टीप्यालेस, विराटनगरमा सम्पन्न भएको हुँदा आर्थिक सहयोग रकम रु. ९५,०००/- (अक्षरेपी पन्चानब्बे हजार रुपैया मात्र) देवानगञ्ज गा.पा.को चालु समपुरक खर्च शिर्षकबाट श्री कन्चनजङ्गा पार्टीप्यालेस, विराटनगरको नाममा भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस कार्यालयमा कार्यरत कर्मचारी श्री रमेश कुमार साह, देवानगञ्ज-५ लाई उपचार खर्च बापत रकम रु. ३०,०००/- (अक्षरेपी तीस हजार रुपैया मात्र) दिने सर्वसम्मत निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा विश्व हिन्दू परिषद, नेपाललाई एक दिवशिय सामुहिक पुजन, हवन तथा प्रवचन कार्यक्रमको लागि रु. ४०,०००/- (अक्षरेपी चालिस हजार रुपैया मात्र) आर्थिक सहयोग दिने सर्वसम्मत निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकामा रहेका वडा सदस्यहरुलाई १० लिटर इन्धन २०८१ साल असोज महिनाको लागि मात्र उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।